नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
ताहाचल, काठमाडौं, नेपाल
पो.ब.नं. १४३६४, फोन नं. +९७७-१-४५९८०१३/४५९८०१४
इमेल: info@aepc.gov.np

# आ.व. २०८२/८३ मा यस केन्द्र मार्फत् कार्यान्वयन हुने जैविक ऊर्जा शाखा मार्फत स्वच्छ ऊर्जा प्रणाली सम्बन्धी कार्यक्रमको लागि घरायसी वायोग्यास प्लान्ट जडानका लागि आवेदन आव्हान सम्बन्धि सूचना

**सूचना प्रकाशित मिति : २०८२।०८।१५.**
**आवेदन बुझाउने अन्तिम मिति : २०८२।०९।१६ (कार्यालय समय भित्र)**

केन्द्रले विगत देखि खाना पकाउने स्वच्छ ऊर्जा प्रविधि प्रवर्द्धन तथा जडान गर्ने कार्यक्रम कार्यान्वयन गर्दै आइरहेकोमा चालु आ.व. २०८२/८३ मा समेत उक्त कार्यक्रम कार्यान्वयन गर्ने लक्ष्य लिएको छ। यस केन्द्रद्धारा सञ्चालित कार्यक्रम अन्तर्गत घरायसी वायोग्यास प्लान्ट जडानका लागि आवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | कार्यक्रमको विवरण | आवेदन पेश गर्दा चाहिने आवश्यक कागजातहरु |
|---|---|---|
| १. | घरायसी वायोग्यास प्लान्ट जडान | १. आवेदनको ढाँचा (केन्द्रको वेवसाइटबाट प्राप्त गर्न सकिने छ। जसमा उपभोक्ताको नाम, ठेगाना, जिल्ला, नागरिकता नं., सर्म्पक नम्बर र दस्तखत स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्ने)।<br>२. यस भन्दा अगाडी सोही उपभोक्ताको (घरधुरीमा) यस केन्द्र मार्फत घरायसी वायोग्यास प्लान्ट जडानका लागि अनुदान रकम प्राप्त नभएको सुनिश्चितता हुनु पर्ने।<br>२. सम्बन्धित स्थानिय तहको सिफारिस। |

माथि उल्लेखित घरायसी वायोग्यास प्लान्ट जडान गर्न इच्छुक उपभोक्ताले वा स्थानिय तह मार्फत आवश्यक कागजातहरु संलग्न गरि यस केन्द्रले तयार पारेको निवेदनको ढाँचामा विवरण सहित सम्बन्धित पालिकाले केन्द्रको कार्यालयमा अथवा इमेल मार्फत आवेदन पेश गर्नु पर्नेछ। उक्त कार्यक्रम नवीकरणीय ऊर्जा अनुदान निति २०७८ (यस केन्द्रको वेवसाइट **www.aepc.gov.np** मा उपलब्ध) बमोजिम कार्यान्वयन गरिनेछ।

**नोट :- हरित जलबायु कोषको सहयोगमा केन्द्रबाट तराईका २२ जिल्लाहरुमा स्वच्छ ऊर्जा कार्यक्रम (CCS) कार्यान्वयन भइरहेकोले सो जिल्ला वाहेकका जिल्लाहरुमा यो कार्यक्रम लागु हुने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।**

**यस कार्यक्रम सम्बन्धी सम्पूर्ण जानकारी यस केन्द्रको वेवसाइट www.aepc.gov.np बाट प्राप्त गर्न सकिनेछ।**